# दुर्घटना जाँच आयोग, २०७९

(पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिक मिति २०७९ माघ १ गते यति एयरलाइन्स प्रा.लि.द्वारा सञ्चालित ATR 72, 9N-ANC विमान दुर्घटनाको छानबिनको लागि गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ बमोजिम गठित)

प.सं.: दु.जाँ.आ. ०७९/८०, च.नं.


**अध्यक्ष**

नगेन्द्र प्रसाद घिमिरे
पूर्व सचिव, नेपाल सरकार
मो. ९८४१२४०३१६

**सदस्य:**

ई. दिपक प्रसाद बास्तोला, पिएचडी
उपरथी (अ.प्रा.)
मो. ९८५१०९५६३४

सुनिल प्रधान
सिनियर क्याप्टेन
मो. ९८६१५९००११

एकराज जंग थापा
सिनियर ईन्जिनियर
मो. ९८०३३५३५०१

**सदस्य सचिव**

बुद्धिसागर लामिछाने
सहसचिव
मो. ९८५१२४९०३३


## प्रेस विज्ञप्ती

मिति २०७९ माघ १ गते (15 January 2021) को दिन काठमाण्डौबाट पोखरा उडानमा रहेको यति एयरलाइन्सको 9N-ANC कलसाइन रहेको बायुयान पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अवतरणको क्रममा दुर्घटना हुँदा मृत्यु भएका सम्पूर्ण यात्रु तथा चालक दलका सदस्यहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति आयोग गहिरो समवेदना व्यक्त गर्दछ।

उक्त बायुयान दुर्घटना भएकै दिन नेपाल सरकारद्वारा दुर्घटनाको सत्यतथ्य जाँचबुझ गरि दुर्घटनाको कारण पहिचान गरी भविष्यमा यस्ता दुर्घटना दोहोरिन नदिन उपयुक्त सुझाव पेश गर्न गठन गरिएको यस आयोगले घटना भएकै दिन घटनास्थलको निरिक्षण गरी कार्य शुरु गरेको थियो । हालसम्म आयोगले उक्त दुर्घटनास्थलको पूनः विस्तृत निरिक्षण गरी दुर्घटनास्थलबाट आवश्यक पार्टपूर्जा र बायुयानका रेकर्डरहरु, केही प्रत्यक्षदर्शीसँगको कुराकानी, बायुसेवा सञ्चालकबाट आवश्यक कागजातहरु संकलनको कार्य गरिसकेको र नियामक निकाय लगायतबाट थप कागजातहरु संकलनको कार्य गरिरहेको छ । दुर्घटना जाँचको सन्दर्भमा महत्वपूर्ण सूचना प्राप्त हुने रेकर्डरहरु नेपालमा परिक्षण गर्न नसकिने भएकोले उच्च गुणस्तरको दक्ष जनशक्ति सहितको अन्तर्राष्ट्रिय ल्याबमा परिक्षण एवं विश्लेषण गर्न लैजाने तयारी भईरहेको छ । अन्तर्राष्ट्रिय मापदण्ड वमोजिम आयोगद्वारा अनुसन्धान जारी रहेको र सबै प्रकृया पुरा गरी उडान सुरक्षामा थप सहयोग पुग्ने सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गरिने व्यहोरा सम्वन्धित सबैमा अनुरोध छ ।

२०७९।१०।३


सम्पर्क ठेगाना: संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ, फोन नं. +९७७-०१-४२११६६९, ४२११८४६
फ्याक्स नं. +९७७-०१४२११९९२ इमेल: bslamichhane@gmail.com